भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ९ मितिः २०७४/१२/१८

भाग-१

भूमे गाउँपालिका

# भूमे स्वयंसेवा ऐन, २०७४

गाउँसभाबाट पारित मितिः २०७४।०७।२१
प्रमाणीकरण मितिः २०७४।०७।२२

**प्रस्तावनाः**

आफ्नो व्यक्तिगत हित र स्वार्थभन्दा माथि उठेर सामूहिक वा संस्थागत विकासका लागि स्वतःस्फूर्त रुपमा योगदान गर्नका लागि भएको अग्रसर जनशक्तिबाट गाउँपालिकाको भौतिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउन समूहमा मिलेर काम गर्ने, एकआपसमा सहयोग आदान प्रदान गर्ने जस्ता सामाजिक एकतालाई प्रवर्द्धन गर्न,

नेपाली समाजमा परापूर्व कालदेखि नै अभ्यासमा रहेको स्वंसेवाकै अर्को रुप समुदायमा आधारित कार्यहरु जस्तो झारा, पर्म, बाटो बनाउने, बिसौनी निर्माण गर्ने, चौपारी बनाउने, साँघु हाल्ने, कुलो खन्ने, धर्मशाला निर्माण गर्ने जस्ता सामाजिक कार्यहरुलाई समेत एकीकृत गरी गाउँपालिकाको बहुपक्षीय विकासमा स्वयंसेवा मार्फत न्यून पूँजी गरिचालनबाट अधिकतम् विकासमा योगदान पुऱ्याउने जनशक्तिलाई व्यवस्थित गर्न बाञ्छनीय भएकाले,

भूमे गाउँपालिका गाउँसभाले नेपालको संविधानको धारा २२६ को अधिकार प्रयोग गरी यो ऐन स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद एक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो ऐनको नाम **"भूमे स्वयंसेवा ऐन, २०७४"** रहेको छ।

(२) यो ऐन गाउँ सभा बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

क) **स्वयंसेवक** भन्नाले आफ्नो व्यक्तिगत हित र स्वार्थभन्दा माथि उठेर सामूहिक वा संस्थागत विकासका लागि स्वतःस्फूर्त रुपमा योगदान गर्नका लागि भएको अग्रसरता भई गाउँ कार्यपालिकाको कार्यालयबाट स्वयंसेवक भनी नियुक्त व्यक्ति, समूह/संस्थालाई सम्झनुपर्दछ।

ख) **ऐन** भन्नाले भूमे स्वयंसेवा ऐन, २०७४ लाई सम्झनुपर्दछ।

ग) **गाउँपालिका** भन्नाले भूमे गाउँपालिकालाई सम्झनु पर्दछ। सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत जनाउनेछ।

घ) **गाउँसभा** भन्नाले भूमे गाउँ सभालाई सम्झनु पर्दछ ।

ङ) **अध्यक्ष** भन्नाले भूमे गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

च) **उपाध्यक्ष** भन्नाले भूमे गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

छ) **गाउँ कार्यपालिका** भन्नाले भूमे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ज) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले भूमे गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

झ) **इन्जिनियर** भन्नाले भूमे गाउँपालिकाका इन्जिनियरलाई सम्झनु पर्दछ । सो शब्दले गाउँपालिकाले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ ।

ञ) **संयोजक** भन्नाले स्वयंसेवा कार्यक्रमको संयोजकलाई सम्झनुपर्दछ ।

ट) **कार्यालय** भन्नाले भूमे गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ठ) **निर्वाह भत्ता** भन्नाले भूमे कार्यपालिकाबाट स्वीकृत पद वा कार्यक्रममा सेवा वा योगदान गरेवापत उपलब्ध गराइने रकमलाई सम्झनुपर्दछ ।

ड) **समिति** भन्नाले यस नियमावली बमोजिम गठित विभिन्न समितिहरु सम्झनुपर्दछ ।

**३. संस्थागत व्यवस्थाः** स्वयंसेवक सेवा कार्यक्रमलाई स्वयं सेवा र स्वयंसेवक परिचालन सम्बन्धी नीतिगत मार्गदर्शन गर्न तोकिए बमोजिमका समितिहरु रहेछन् ।

**४. कार्यक्रम सञ्चालनका आधारहरुः** गाउँपालिकाको योजना, संघीय ऐन, नियमावली, नेपाल सरकारले प्रतिवद्धता गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता लगायतका राष्ट्रहितसँग सम्बन्धित कार्यक्रमका आधारमा यो स्वयंसेवा कार्यक्रम सञ्चालन हुनेछ ।

**५. परिचालनको विषय क्षेत्रः** स्वयंसेवा कार्यक्रम अन्तर्गत स्वयंवेकहरु परिचालन गर्दा तोकिए बमोजिमका विषय क्षेत्रहरुमा आवश्यकता र औचित्यता तथा प्रभावकारिताका आधारमा संख्या निर्धारण गरी परिचालन गर्नुपर्नेछ ।

**६ भर्ना प्रकृया तथा परिचालनका क्षेत्रहरुः** स्वयंसेवा कार्यक्रममा सरिक हुने व्यक्तिलाई औचित्यता र आवश्यकताका आधारमा तोकिए बमोजिमका क्षेत्रहरुमा निश्चित मापदण्ड र प्रक्रिया बमोजिम सञ्चालन गरिनेछ ।

**७ परिचालनको मोडालिटीः** भूमे स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक परिचालन गर्दा कार्यपालिकाद्वारा स्वीकृत विभिन्न मोडालिटीमा परिचालन गरिनेछ ।

**८. आवेदन, नियुक्ति, अवकाश तथा अनुमति सम्बन्धी व्यवस्थाः** (१) भूमे स्वयंसेवा कार्यक्रम अन्तर्गत स्वयंसेवक भई कार्य गर्न चाहने व्यक्तिहरुका लागि तोकिएको विषय क्षेत्र र पदमा आवेदन दिई निश्चित मापदण्ड र प्रक्रिया बमोजिम नियुक्त वा अनुमति प्रदान गरी कार्यविवरण दिई परिचालन गरिनेछ ।

(२) स्वयंसेवा कार्यक्रममा सरिक भएपछि क्षमता विकासको अवधि पूरा गरेपछि कार्यक्रमबाट अवकाश गरिनेछ ।

**९. सुविधा तथा सेवा शर्त र निर्वाह भत्ताः** (१) स्वयंसेवकहरुले कार्यक्रममा सरिक हुँदाको बखत न्यूनतम् आवास तथा व्यैक्तिक खर्च व्यवस्थापनका लागि तोकिए बमोजिमको निर्वाह भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) गाउँ कार्यपालिकाले आवश्यकता र औचित्यताका आधारमा स्वयंसेवकहरुलाई अतिरिक्त सुविधा उपलब्ध गराउन सक्नेछ ।

**१०. वित्तीय स्रोत व्यवस्थाः** (१) भूमे गाउँपालिकामा हुने विकास क्रियाकलापमा स्थानीय जनशक्तिको परिचालन र विकास गर्न स्वयंसेवा कार्यक्रमको क्षेत्र विस्तार गर्न सकिनेछ ।

(२) यसरी स्वयंसेवक जनशक्ति परिचालन गर्दा निर्वाहभत्ता तथा व्यवस्थापकीय खर्चका लागि गाउँ कार्यपालिकाले आन्तरिक तथा बाह्य स्रोतबाट वित्तीय व्यवस्था गर्नुपर्नेछ ।

(३) कार्यक्रम सञ्चालनका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य र साझेदारी गर्न सकिनेछ ।

**११. अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः** (१) स्वयंसेवा कार्यक्रमलाई प्रभावकारी र फलदायी बनाउन आवश्यक संयन्त्र निर्माण गरी अनुमगन तथा मूल्याङ्कनको व्यवस्था समेत गर्नुपर्नेछ ।

**२२. अधिकार प्रत्यायोजनः** यो कानून वा यस अन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यालय वा

अधिकारीलाई अधिकार प्राप्त अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिमका अधिकार बाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

**२३. थपघट, हेरफेर वा संशोधनः** गाउँ सभाले यस ऐनलाई आवश्यकतानुसार थपघट वा हेरफेर वा आवश्यक संशोधन गर्न सक्नेछ ।

**२४. नियम निर्देशिका वा कार्यविधि बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न वा सरलीकरण गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**